# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं चैत्र २१ गते २०११ साल

## भाग १

## राज्यव्यवस्था विभागको सूचना

### सरकारी कर्मचारीहरूको सरुवा, बढुवा, खारेजी.

श्री ५ महाराजाधिराजबाट देहायमा लेखिएका कर्मचारीहरूलाई देहायमा लेखिएका पोष्टमा सरुवा, बढुवा, खारेजी गरिदिनु भन्ने हुकुम बक्से अनुसार निम्नलिखित व्यक्तिहरूले पनि यो आदेशलाई बहाली वर्खास्तो संझी आफ्नो जिम्माको नगदी, जिन्सी ऐनसवालले बुझाउनुपर्ने जो जतिछ हालवालालाई बुझाइ सवालका म्याद भित्र आफुलाई ठेकिएका अड्डामा बहालभरी साविकवाला संग जो बुझनु पर्ने बुझी ली ऐनसवालबमोजिम कामकाज गर्नुहोला ।

यो बहाली पाउनु भएपछि अड्डामा बहाल गर्न जानलाई यस राज्यव्यवस्थामा आउनुभै कबुलियत भरी जानुहुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१) बीरगञ्ज गोस्वाराका बडाहाकिम मनशमशेर ज. ब. रा. लाई चैत्र ३ गते देखि खारेज जनाई सो खालिमा शिक्षा विभाग अन्तर्गतको डाइरेक्टर ज-नरल अफ पब्लिक इन्स्ट्रक्शन श्री जितेन्द्रबहादुर शाह सरुवा बढुवा गरिदिने।

(२) पाल्पा गौंडाका बडाहाकिम अनिरुद्रप्रसाद सिंह हुकुमबक्सेबमोजिम दर-बारमा सरकारी कामगरी रहनु भएको जनाई सो खालीमा फष्ट राईफलको ले. क. थीरबहादुरलाई आर्मीबाट काज गराइ खाई पाई रहेको तलबमा थपगरी पाल्पाको बडा हाकिमले पाउने अंक पुऱ्याउने गरी किताप दर्ता गरिदिने।

(३) काठमाडौं मजिष्ट्रेट अफिसको मजिष्ट्रेट रङ्गनाथ धनकुटा गौंडामा सरुवा भै खालीमा बीरगञ्ज गोस्वाराका अ. सुब्बा दुर्गादत्तलाई सरुवा बढुवा गरी दिने।

(४) ब. पु. म. का. म. सुरेन्द्रमानलाई राज्यव्यवस्थामा जगेडा जनाइ सो ठा-उमा भक्तपुर मजिष्ट्रेट अ. का मजिष्ट्रेट बद्रीप्रसादलाई सरुवा गरिदिने।

(५) भ. पु. म. को म. बद्रिप्रसाद सरुवा खालीमा कानून विभागबाट तलब भत्ता खाइ रहनु भएका ले. क. बल्लभ शमशेर ज. ब. रा. लाई सरुवा बढुवा गरिदिने।

आज्ञाले—

माणिकलाल,

का. मु. सेक्रेटरी— राज्यव्यवस्था विभाग.

322

गोरखापत्र छापाखानामा मुद्रित। सरदार विष्णुध्वज जोशी.

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।